दरखास्त दिनुपर्ने न्यूनतम सङ्ख्याः १० कित्ता
दरखास्त दिन पाउने अधिकतम सङ्ख्याः २०,००० कित्ता

सङ्कलन केन्द्रको सङ्केत नं. | | | |

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र सञ्चालित

**SANVI €Nergy**

# सान्भि इनर्जी लिमिटेड
# SANVI ENERGY LIMITED

**रजिष्टर्ड ठेगानाः** काठमाडौं महानगरपालिका, वडा नं. २, मेट्रोपार्क विल्डिङ्ग, लाजिम्पाट, काठमाडौं, नेपाल,
फोन नं. : ९७७-०१-४५१५५१३, वेबसाइटः www.sanvienergy.com इमेलः energysanvi513@gmail.com

क्र.सं.:

प्रति दरखास्त फाराम रु.२/-

दरखास्त फारममा निवेदकको आफ्नै खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, शाखा र खाता नं. अनिवार्य रुपमा खुलाउनु पर्नेछ ।

यो शेयर सर्वसाधारणका लागि निष्काशन गरेको शेयर बाँडफाँड भएको मितिले ३ वर्षसम्म बिक्री गर्न बन्देज रहेको

## साधारण शेयर खरीद दरखास्त फाराम

मार्फत

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः www.nsmbl.com.np

**ईलाम जिल्लाको ईलाम नगरपालिका वडा नं. १० (साविकको गोदक गा.वि.स. का १ देखि ९ नं. सम्मका वडाहरु समेत), माईजोगमाई गाउँपालिका वडा नं. १ (साविकको नयाँबजार गा.वि.स.का १-४, ६-९ नं. वडाहरु समेत) माईजोगमाई गाउँपालिका वडा नं. ३ र ४ (साविकको नाम्सालिङ्ग गा.वि.स. का १ देखि ९ नं. सम्मका वडाहरु तथा नयाँबजार गा.वि.स. को वडा नं. ५ समेत), सूर्योदय नगरपालिका वडा नं. १० (साविकको फिक्कल गा.वि.स. का ६ देखि ९ नं. सम्मका वडाहरु तथा तत्कालिन सूर्योदय नगरपालिकाका ६, ७ नं. वडाहरु समेत) तथा सूर्योदय नगरपालिका वडा नं.११ (साविकको पञ्चकन्या गा.वि.स.का २, ३, ४, ५, ६, ८ नं. वडाहरु तथा तत्कालिन सूर्योदय नगरपालिकाका ३, ४, ५ नं. वडाहरु समेत)**

श्री सञ्चालक समिति,
**सान्भि इनर्जी लिमिटेड**
काठमाडौं महानगरपालिका, वडा नं. २, मेट्रोपार्क विल्डिङ्ग लाजिम्पाट, काठमाडौं, नेपाल ।

| | | |
|---|---|---|
| हितग्राही खाता नं. | DP ID | |
| | Client ID | |

**महाशय,**

**यस कम्पनीको मिति २०८१/१२/११ गते नेपाल धितोपत्र बोर्डबाट स्वीकृत विवरण-पत्रको शर्तमा रहि प्रति साधारण शेयर अङ्कित मूल्य रु.१००/- दरका ...................... कित्ता शेयर लिन इच्छुक भएकाले जम्मा रु. ................................ (अक्षरेपी ........................................................................................................) यसै साथ बुझाएको छु। त्यस कम्पनीको नियमानुसार गर्न मेरो मञ्जुरी भएकाले उल्लिखित शेयर पाउन अनुरोध गर्दछु।**

| | | | | | |
|---|---|---|---|---|---|
| माग गरेको शेयर संख्या | | शेयर बापत जम्मा गरेको रकम | | मिति | २०८२/०१/ |
| रकम बुझाएको सङ्कलन केन्द्रको नाम र ठेगाना | | | | चेक नं. | |
| चेक खिचिएको बैंक/वित्तीय संस्थाको नाम र ठेगाना | | | | चेक नं. | |
| निवेदक स्वयंको खाता रहेको बैंक/वित्तीय संस्थाको नाम | | | | | |
| निवेदक स्वयंको नाममा बैंक/वित्तीय संस्थामा रहेको खाता नं. | | | | | |

| | | | |
|---|---|---|---|
| निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक | |
| | In English | Mr./Mrs./Miss/Minor USE CAPITAL LETTER | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी ठेगाना | प्रदेश नं.: १ | जिल्ला | ईलाम | गा.पा./ न.पा. | | वडा नं. | |
| Permanent Address | Province No:1 | District | Ilam | R.M./ Municipality | | Ward No. | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| साविकको ठेगाना | | वडा नं. | | Tel No. | | E-mail | |
| नागरिकता प्रमाणपत्र नं. | | नागरिकता जारी भएको जिल्ला | | Mobile No. | | | |

| | |
|---|---|
| बाबुको नाम | |
| Father's Name | |
| बाजेको नाम | |
| Grandfather's Name | |
| पति/पत्नीको नाम | |
| संरक्षकको नाम (नावालकको हकमा) | |
| Guardian's Name: (In case of Minor) | |

यस शेयरको लागि लगानी गरेको रकम सम्पत्ति शुद्धीकरण ऐनको बर्खिलाप हुनेगरी आर्जन गरेको होइन । साथै मैले/हामी स्वयंले प्रमाणित गरेको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि तथा कागजातहरु र यस दरखास्त फारममा खुलाएको विवरण साँचो हो । म/हामी यस कम्पनीको संस्थापक, सञ्चालक तथा नीजको एकाघरको परिवार नरहेको घोषणा गर्दछु/ गर्दछौं । झुठा ठहरिएमा प्रचलित कानून बमोजिम सहन/ बुझाउन मेरो/ हाम्रो मञ्जुरी छ ।

**म/हामीले यस संस्थाको प्रकाशित विवरणपत्र पढी आफ्नो स्व:विवेकले दरखास्त दिएको हो भन्ने उद्घोषण गर्दछु ।**

मैले यस दरखास्त फारममा बाँडफाँडमा नपरेको शेयर वापतको रकम रकमान्तर गर्न खुलाएको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नं. ठीक/दुरुस्त छन् सोमा कुनै फरक परेमा म/हामी स्वयं पूर्ण रुपमा जिम्वेवार हुनेछु/हुनेछौ ।

निवेदकको दस्तखत (Applicant's Signature)
(नावालकको हकमा संरक्षकको दस्तखत)

पुनश्चः आवेदन फाराम भर्नु अघि यस आवेदन फारामको पछाडि पट्टि रहेको बुँदा नं. १७ (आवेदन दिंदा ध्यान दिनुपर्ने कुराहरु) अध्ययन गर्नुहुन अनुरोध छ ।

---

## यो रसिद हराई अर्कोले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फत

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइटः www.nsmbl.com.np

**रसिद**
**दरखास्तवालाले भर्नुपर्ने**

सि.नं.:

| | | | | | |
|---|---|---|---|---|---|
| Applicant's Name : | | | | | |
| Company's Name : | S A N V I E N E R G Y L I M I T E D | | | | |
| No. of Share Applied | | Call Money per share | Rs. 100/- | Amount Deposited (Rs.) | |
| Amount in words: | | | | | |

निवेदकको दस्तखत (Applicant's Signature)
(नावालकको हकमा संरक्षकको दस्तखत)

**For Official use Only:**

चेक भुक्तान नभएमा दरखास्त फाराम स्वतः रद्द हुनेछ ।

Received by:
Name:
Signature:
Date: 2082/ 01 /

Collection Center Code No.: | | | |

| | | |
|---|---|---|
| हितग्राही खाता नं. | DP ID | |
| | Client ID | |

Stamp

# सान्भि इनर्जी लिमिटेड

नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति: २०८१/१२/११, कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति: २०८१/१२/२० ।

**(१) संस्थाको नाम: सान्भि इनर्जी लिमिटेड (Sanvi Energy Limited)**

**(२) संस्था कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा:** यस सान्भि इनर्जी लिमिटेड कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०४/१८ मा नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई मिति २०७७/०३/२५ गते पब्लिक लिमिटेडको रुपमा परिणत भएको हो ।

**(३) संस्थाको रजिष्टर्ड ठेगाना:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २, लाजिम्पाट, उत्तरढोका, मेट्रोपार्क बिल्डिङ्ग रहेको छ । आवश्यकता अनुसार कम्पनी ऐन, २०६३ बमोजिम रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

**(४) जलविद्युत केन्द्र:** यस सान्भि इनर्जी लिमिटेडको आयोजना स्थल, जलविद्युत उत्पादन केन्द्र तथा अन्य भौतिक पूर्वाधारहरु इलाम जिल्ला, इलाम नगरपालिका वडा नं. १०, माई जोगमाई गाउँपालिका वडा नं. १, ३ र ४ तथा सुर्योदय नगरपालिका वडा नं. १० र ११ मा रहेको छ ।

## (५) संगठित संस्थाको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु:

(क) यस कम्पनी जलविद्युत आयोजनाको विकास, निर्माण र सन्चालन गर्ने मुख्य उद्देश्यका साथ कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६८/०४/१८ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेडको रुपमा दर्ता भई काम कारोबार सन्चालन गर्दै आइरहेकोमा मिति २०७७/०३/२५ गते पब्लिक लिमिटेड कम्पनीको रुपमा परिणत भई निरन्तर सन्चालनमा रहेको छ ।
कम्पनी स्थापना भए पश्चात् इलाम जिल्लाको माई जोगमाई गाउँपालिका र इलाम नगरपालिकामा अवस्थित भई बग्ने जोगमाई खोलाको पानी प्रयोग गरी विद्युत उत्पादनका लागि जोगमाई खोला साना जलविद्युत आयोजनाबाट ७.६ मेगावाट जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा सन्चालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०६९/१२/२९ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो भने माईजोगमाई गाउँपालिका वडा नं ३ र ४ (साविक नामसालिङ्ग गा.वि.स.) तथा सुर्योदय नगरपालिका वडा नं. १० र ११ (साविक पन्चकन्या गा.वि.स) भई बग्ने जोगमाई खोलाको पानी प्रयोग गर्ने गरी निर्माण गरिरहेको जोगमाई खोला क्यासकेड जलविद्युत आयोजनाबाट ५.२ मेगावाट जलविद्युत आयोजनाको निर्माण, उत्पादन तथा सन्चालन गर्न नेपाल सरकार उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयबाट मिति २०७६/१०/०१ मा विद्युत उत्पादनको अनुमति प्राप्त गरेको हो ।
कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०६९/०८/०७ मा जोगमाई खोला साना जलविद्युत आयोजना ७.६ मेगावाटको विद्युत खरिद बिक्री सम्झौता (PPA) अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७३ फाल्गुण २७ गते (तदनुसार मार्च १०, २०१७) रहेकोमा उक्त आयोजनाबाट मिति २०७४/०१/१८ गतेदेखि व्यापारिक विद्युत उत्पादन सुरु भई सकेको छ ।
साथै कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७५/०५/०७ मा जोगमाई क्यासकेड जलविद्युत आयोजनाबाट ६ मेगावाट विद्युत खरिद बिक्री सम्झौता (PPA) सम्पन्न भएको र सो आयोजनाको जडित क्षमता मिति २०७५ बैशाख २७ को पत्र संख्या ०७४/७५ चं. नं १५५६ मार्फत संशोधन गरी ६ मेगावाट बाट ५.२ मे.वा. कायम गरिएको छ । कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच मिति २०७५/०५/०७ मा सम्पन्न भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) २०७८ श्रावण ७ गते (तदनुसार जुलाई २२, २०२१) रहेको मा विद्युत खरिद बिक्री सम्झौता (PPA) को दोस्रो संशोधन मिति २०७८ चैत्र २३ गते र मिति २०७९ फाल्गुण ३० मा भएको चौथो संशोधन बाट व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) क्रमश: २०७९ श्रावण ६ गते र २०८० श्रावण ५ गते कायम गरिएकोमा विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ र त्यसले आयोजनामा पारेको प्रभावको कारण आयोजना निर्माणमा थप केही समय लाग्ने अवस्था सिर्जना भएकोले मिति २०८० चैत्र २५ गतेको चलानी नं. ०८०/०८१/१०० को पत्र मार्फत २ वर्षको लागि व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) थपको लागि निवेदन पेश गरिसकिएको छ । यस आयोजनाको निर्माण कार्य अन्तिम चरणमा रहेको र हाल आयोजनाको भौतिक प्रगति करिव ८९ प्रतिशत सम्पन्न भइसकेको छ साथै पछिल्लो अपेक्षित व्यापारिक उत्पादन (RCOD) मिति २०८२ बैशाख १५ गते रहेको छ । यद्यपि आयोजनाको COD मिति यस कम्पनी र नेपाल विद्युत प्राधिकरण विच भएको विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखति आयोजनाको व्यापारिक विद्युत उत्पादन सुरु गर्नुपर्ने मिति (RCOD) भन्दा केही समय ढीला हुन गएको कारणले विद्युत खरिद बिक्री सम्झौतामा उल्लेख भएको पुर्वनिर्धारित विद्युत बिक्री दरमा पाइने ८ पटकको मूल्य बृद्धि मा २ पटकको मूल्य बृद्धि प्राप्त नहुने सम्भावना रहेको र सोही बमोजिम २ पटकको मूल्य बृद्धिलाई समावेश नगरि वित्तीय प्रक्षेपण तयार गरिएको छ ।

(ख) जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) को मिति २०७०/०१/१० मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०६९/७० वि.उ. ८६) प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति मिति २०६९/१२/२९ देखि २१०४/१२/२८ गतेसम्म बहाल रहेकोले उक्त अनुमतिपत्रको अवधि हाल बाट २३ वर्ष १ महिना बाँकी रहेको छ ।
त्यसैगरी जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को मिति २०७६ माघ १३ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७ वि.उ. २८५) प्राप्त भएको छ र उक्त अनुमतिपत्र मिति २०७६/१०/०१ देखि २१११/०९/३० गतेसम्म बहाल रहेकोमा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७९ भाद्र १७ मा प्राप्त पत्र संख्या २०७९/८० (अनुमतिपत्र) तथा च.नं. २४९ मार्फत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र मिति २११२/९/३० कायम गरिएकोले यस अनुमतिपत्रको अवधि हालबाट ३० वर्ष ११ महिना बाँकी रहेको छ, तत्पश्चात् आयोजनाहरुको स्वामित्व हस्तान्तरणको सम्बन्धमा विद्यमान नेपाल सरकारको जलविद्युत आयोजनाहरुको लागि कायम रहेको नीति बमोजिम हुनेछ ।

(ग) जोगमाई खोला साना जलविद्युत आयोजना ७.६ मे.वा बाट उत्पादित विद्युत १०.७ कि.मि. लामो ३३ के.भि. विद्युत प्रसारण लाइन मार्फत इलाम नगरपालिकाको वडा नं. १० मा रहेको १३२ के.भि. गोदक सव-स्टेसनमा जोडि मिति २०७४ बैशाख १८ गते देखि नै नेपाल विद्युत प्राधिकरणलाई निरन्तर रुपमा विद्युत बिक्री गर्दै आइराखेको छ भने जोगमाई क्यासकेड जलविद्युत आयोजना बाट उत्पादन हुने विद्युत १३२/३३ के.भि. गोदक सव-स्टेसनमा नै जोडिने छ जसको लागि आवश्यक कार्य पुरा भइसकेको छ ।
**कम्पनीको हालको अवस्था:** यस कम्पनीले हाल प्रदेश नं. १ अन्तर्गत इलाम जिल्लाको माई जोगमाई गाउँपालिका, सुर्योदय नगरपालिका र इलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानीबाट ७.६ मे.वा. क्षमताको जोगमाई खोला साना जलविद्युत आयोजनाको शत् प्रतिशत भौतिक संरचनाको निर्माण कार्य सम्पन्न गरी सफल परीक्षण उत्पादन पश्चात आयोजनाबाट उत्पादित विद्युत बैशाख १८, २०७४ देखि नेपाल विद्युत प्राधिकरण लाई बिक्री गर्दै आइराखेको छ ।

**(घ) आयोजनाको कूल विद्युत उत्पादन क्षमता:** ईलाम जिल्लाको माई जोगमाई गाउँपालिका र ईलाम नगरपालिकामा अवस्थित जोगमाई खोलाको पानी प्रयोग गरी सन्चालन हुने जोगमाई खोला साना जलविद्युत आयोजनाको कूल उत्पादन क्षमता ७,६०० किलोवाट रहेको र सोही स्थानमा सान्भि इनर्जी लिमिटेडले नै निर्माण गरिराखेको जोगमाई क्यासकेड जलविद्युत आयोजनाको कूल क्षमता ५,२०० किलोवाट गरी जम्मा जडित क्षमता १२,८०० किलोवाट रहेको छ ।

**(ङ) आयोजनाको विद्युत उत्पादन अनुमति प्राप्त गरेको मिति:** जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) को मिति २०६९/१२/२९ मा स्वीकृत गरी मिति २०७०/०१/१० को पत्र बमोजिम नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०६९/७० वि.उ. ८६) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति २१०४/१२/२८ गते सम्म बहाल रहनेछ ।
त्यसैगरी जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को मिति २०७६ माघ १३ मा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट विद्युत उत्पादनको अनुमतिपत्र (वि.वि.वि.०७६/७७ वि.उ. २८५) प्राप्त भएको हो र उक्त अनुमतिपत्र मिति मिति २०७६/१०/०१ बाट २१११/०९/३० गते सम्म बहाल रहेकोमा नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७९ भाद्र १७ मा प्राप्त पत्र संख्या २०७९/८० (अनुमतिपत्र) तथा च.नं. २४९ मार्फत आयोजनाको विद्युत उत्पादनको अनुमतिपत्र मिति वि.सं. २११२/९/३० गते सम्म रहनेछ, तत्पश्चात् आयोजनाहरुको स्वामित्व हस्तान्तरणको सम्बन्धमा विद्यमान नेपाल सरकारको जलविद्युत आयोजनाहरुको लागि कायम रहेको नीति बमोजिम हुनेछ ।

**(च) आयोजनाको कूल लागत प्रति मेगावाट लागत:** जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा) को कूल लागत रु. १,५७,२९,५२,५४४.००/- (Interest During Construction सहित) छ भने यस आयोजनाको प्रति मेगावाट लागत रु.२०,६९,६७,४४०/- रहेको छ । त्यसैगरी निर्माणाधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को कूल अनुमानित लागत रु. रु.१,००,९१,१३,०००/- (Interest During Construction सहित) छ भने यस आयोजनाको अनुमानित प्रति मेगावाट लागत रु.१९,४०,६०,१९२.३१ रहेको छ । (अहिले रहेको Syndicated Credit Facilities Agreement मा उल्लेखित बजेट अनुसार) परियोजनाको लगानी फिर्ता हुने अवधि (Pay back Period) सम्बन्धी विवरण

| **जोगमाई क्यासकेड जलविद्युत आयोजना ५.२ मे.वा.को हकमा:** | **जोगमाई खोला साना जलविद्युत आयोजना ७.६ मे.वा. को हकमा :** |
|---|---|
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि: ६.७३ वर्ष | आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि: ५.५३ वर्ष |
| आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुनेअवधि: ११.१० वर्ष | आयोजनाको डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि:८.२९ वर्ष |

**(छ) आयोजनाको प्रशारण लाइन अनुमति प्राप्त गरेको मिति:** कम्पनीबाट प्रवर्धित जोगमाई खोला साना जलविद्युत आयोजना (७.६मे.वा) र जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को प्रशारण लाईन सम्बन्धि विस्तृत विवरण देहायबमोजिम रहेको छ ।

- नेपाल सरकार उर्जा मन्त्रालय, विद्युत विकास विभागबाट जोगमाई खोला जलविद्युत आयोजना ३३ के.भी. विद्युत प्रशारण लाईनको अनुमतिपत्र मिति २०७२/०६/२४ मा प्रदान गरिएको छ र सो अनुमतिपत्र बहाल रहने मिति २०७२/०६/१३ देखि २०९७/०६/१२ सम्म रहेको छ ।
- यस अयोजनाको मिति २०७७/०८/२९ मा अनुमतिपत्र सख्या: वि.वि.वि ०७२/७३, वि प्र. ६१ मार्फत प्रथम संशोधन गरी यसै आयोजना बाट निर्माणधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को लागि विद्युत प्रसारण लाईनको अनुमति पनि यसैमा समावेश गरि संयुक्त रुपमा विद्युत प्रशारण लाईनको रुपमा कायम गरिएको छ ।
- आयोजनाको प्रसारण लाइनको नाम जोगमाई खोला साना जलविद्युत आयोजनाको ३३ के.भी. संयुक्त विद्युत प्रसारण लाईन आयोजना भनिएको छ ।
- यस जोगमाई खोला जलविद्युत आयोजना (७.६ मे.वा.) को लागि नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७०/०१/१० गतेको पत्र मार्फत विद्युत उत्पादन अनुमति २०६९/१२/२९ बाट २१०४/१२/२८ गते सम्म कायम रहने गरी प्रदान गरिसकेको छ ।
- जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को विद्युत उत्पादन अनुमति २०७६/१०/०१ बाट २११२/०९/३० गते सम्म कायम रहने गरी नेपाल सरकार, ऊर्जा जलस्रोत तथा सिंचाई मन्त्रालय, विद्युत विकास विभागबाट मिति २०७६ माघ १३ गतेको पत्र मार्फत प्राप्त भइसकेको छ ।
- दुवै आयोजनाहरुको लागि सव स्टेशनको रुपमा ईलाम जिल्ला, ईलाम नगरपालिका वडा नम्वर १० स्थित गोदक सव स्टेशन रहेको छ ।
- जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) को प्रशारण लाइन १०.७ कि. मि. तथा जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को प्रशारण लाईन ७ कि.मि रहेको छ ।
- जोगमाई खोला साना जलविद्युत आयोजना ७.६ मे.वा. को भोल्टेज ३३ के.भि. तथा जोगमाई क्यासकेड जलविद्युत आयोजना ५.२ मे.वा. को भोल्टेज पनि ३३ के.भि. नै रहेको छ ।
- कम्पनीले निर्माण गरेको जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) मिति २०७४ बैशाख १८ मा विद्युत उत्पादन भई निरन्तर सन्चालनमा आइराखेको अवस्था छ भने निर्माणाधिन जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को प्रशारण लाइनको सम्पूर्ण निर्माण कार्य सम्पन्न भई टि.ओ.डी. मिटर समेत जडान गरि उत्पादित विद्युत प्रशारणको लागि तयारी अवस्थामा रहेको छ ।

**(ज) कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरु निम्न बमोजिम रहेका छन् :**

- विद्युत खरिद-बिक्री सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मिति देखि लागू हुनेछ र आयोजनाबाट व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) ले ३० (तीस वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र (Generation License) को अवधी मध्ये जुन घटी छ सो समयसम्म कायम रहनेछ ।
- कम्पनीले आफ्नो आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने प्रयोजनका लागि नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता (PPA) गर्दा जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) र जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को खरिद बिक्री सम्झौता Take or Pay प्रावधानमा आधारित भई गरिएको छ ।

जोगमाई खोला साना जलविद्युत आयोजनावाट उत्पादित ७.६ मेगावाट जलविद्युत खरिदका लागि भएको विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू कन्ट्र्याक्ट इनर्जी जोगमाई खोला साना जलविद्युत अयोजना ७.६ मे.वा. को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु ४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैंया चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुने गरि) | सुख्खा याम (पौष देखि चैत्रसम्म (रु. प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसिरसम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौता अवधि सम्म | ९.६६ | ५.५२ |

यस आयोजनाले मिति २०७४ बैशाख १८ गते देखि नै विद्युत उत्पादन गरी नेपाल विद्युत प्राधिकरणलाई निरन्तर बिक्री गर्दै आइराखेको र हालको समयसम्म आयोजनाले विद्युत बिक्री सम्झौतामा उल्लेख गरिए अनुसारको माथि तालिकामा उल्लेख गरिए अनुसारको प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म दिइने मूल्यवृद्धिको सुविधा प्राप्त गरिसकेको छ ।

**आयोजनाबाट वर्षा याम तथा सुख्खा याम गरी वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| विवरण | जोगमाई खोला साना जलविद्युत आयोजना |
|---|---|
| सुख्खा याम कूल इनर्जी (kWh) | ६९,४१,९६७ |
| वर्षा याम (बैशाख देखि मंसीर सम्मको) कूल इनर्जी (kWh) | ३,५९,३३,४३० |
| जम्मा वार्षिक (kWh) | ४,२८,७५,३९७ |

**(झ) जोगमाई क्यासकेड जलविद्युत आयोजनावाट उत्पादित ५.२ मेगावाट जलविद्युत खरिदका लागि भएको विद्युत खरिद-बिक्री सम्झौताका मुख्य-मुख्य बुँदाहरू :**
कन्ट्र्याक्ट इनर्जी जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु. ४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु. ८.४० (आठ रुपैंया चालीस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा विद्युत खरिद बिक्री सम्झौताको दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई नेपाल विद्युत प्राधिकरणले बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरिद दर कायम गरिएको छ ।

| अवधि-व्यापारिक उत्पादन शुरु हुने मिति (COD) कायम भएको महिना लगत्तै पछिको महिनालाई पहिलो महिना मानी अवधि गणना हुनेगरि) | सुख्खा याम (पौष देखि चैत्रसम्म प्रति युनिट) | वर्षा याम (बैशाख देखि मंसिरसम्म (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिना सम्म | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिना सम्म | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिना सम्म | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिना सम्म | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिना सम्म | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि ७२ औं महिना सम्म | ९.६६ | ५.५२ |
| ७३ औं महिना देखि ८४ औं महिना सम्म | ९.९१ | ५.६६ |
| ८५ औं महिना देखि ९६ औं महिना सम्म | १०.१६ | ५.८१ |
| ९७ औं महिना देखि सम्झौता अवधि सम्म | १०.४२ | ५.९५ |

तर आयोजनाको व्यापारिक उत्पादन शुरु हुन पर्ने मिति Required Commercial Operation Date (RCOD) को तुलनामा व्यापारिक उत्पादन शुरु हुने मिति Commercial Operation Date (COD) ढिलो हुन गएमा निम्नानुसार वार्षिक मूल्यवृद्धि दिईनेछ :
(क) RCOD को तुलनामा COD ६ महिना भन्दा बढी १८ महिना सम्म ढिलो हुन गएमा जम्मा ७ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ख) RCOD को तुलनामा COD १८ महिना भन्दा बढी ३० महिना सम्म ढिलो हुन गएमा जम्मा ६ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ग) RCOD को तुलनामा COD ३० महिना भन्दा बढी ४२ महिना सम्म ढिलो हुन गएमा जम्मा ५ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(घ) RCOD को तुलनामा COD ४२ महिना भन्दा बढी ५४ महिना सम्म ढिलो हुन गएमा जम्मा ४ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
(ङ) RCOD को तुलनामा COD ५४ महिना भन्दा बढी ढिलो हुन गएमा जम्मा ३ वटा मात्र मूल्यवृद्धि दिईनेछ ।
नेपाल विद्युत प्राधिकरणले अतिरिक्त उर्जा (Excess Energy) को हकमा विद्युत खरिद बिक्री सम्झौताको दफा १२.१ अनुसारको खरिद दरको ५०% (पचास प्रतिशत) को हिसावले कम्पनीले विलिङ्ग गर्ने र प्राधिकरणले भुक्तानी गर्नेछ ।

**आयोजनाबाट वर्षा याम तथा सुख्खा याम गरि वार्षिक उत्पादन हुने विद्युत सम्बन्धी विवरण:**

| विवरण | जोगमाई क्यासकेड जलविद्युत आयोजना |
|---|---|
| सुख्खा याम कूल इनर्जी (kWh) | ४३,९३,७५५ |
| वर्षा याम (बैशाख देखि मंसिर सम्मको) कूल इनर्जी (kWh) | २,५३,३२,२७५ |
| जम्मा वार्षिक (kWh) | २,९७,२६,०३० |

**विद्युत खरिद बिक्री सम्झौतामा उल्लेखित हर्जाना सम्बन्धी व्यवस्था तथा अन्य मुख्य बुँदा:** कम्पनीले विद्युत केन्द्रबाट उत्पादन हुने विद्युत शक्ति निर्धारित डेलिभरी प्वाइण्टसम्म पुऱ्याउनको लागि प्राधिकरणलाई मान्य हुने खालको निर्माण, व्यवस्था एवम् परिक्षणको कार्य सम्पन्न गरि व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) पर्ने गरी आयोजनाको निर्माण तथा परीक्षणको कार्य सम्पन्न गर्नु पर्नेछ । काबु बाहिरको परिस्थितिमा बाहेक कम्पनीबाट हुनुपर्ने उपरोक्त कार्यहरु समयमै सम्पन्न हुन नसकि व्यापारिक उत्पादन शुरु गर्नुपर्ने मिति (Required Commercial Operation Date) सम्ममा व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) नपरेमा कम्पनीले प्राधिकरणलाई हर्जाना तिर्नु पर्नेछ। साथै प्राधिकरणले पनि कम्पनीबाट आपुर्ति हुने विद्युत शक्ति लिनको लागि प्राधिकरणबाट हुनु पर्ने कार्यहरु सोही समय भित्र पुरा गरी सक्नु पर्नेछ । समयमै आयोजनाको निर्माण एवम् अन्य आवश्यक कार्य सम्पन्न गरी आयोजनावाट व्यापारिक उत्पादन शुरु हुने भनी कम्पनीले सूचना दिइसके पछि काबु बाहिरको परिस्थितिमा बाहेक प्राधिकरणको कारणले आयोजनाबाट व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति (Required Commercial Operation Date) सम्म व्यापारिक उत्पादन शुरु हुन नसकेमा प्राधिकरणले कम्पनीलाई हर्जाना तिर्नु पर्नेछ ।
कम्पनीले प्राधिकरणलाई वा प्राधिकरणले कम्पनीलाई तिर्नु पर्ने हर्जाना निम्न सूत्र अनुसार हिसाब गरिनेछ ।
**हर्जाना रकम रु. ०.०५ X (कन्ट्र्याक्ट इनर्जीको आधारमा गणना गर्दा आउने व्यापारिक उत्पादन शुरु गर्नु पर्ने मिति र व्यापारिक उत्पादन शुरु हुने मिति बीचको दिन अन्तरको अवधिको उर्जा) X (व्यापारिक उत्पादन शुरु हुने मिति (COD) मा लागू हुने खरीद दर) :**
प्राधिकरणले लिनु पर्ने यस्तो हर्जाना रकम विद्युत खरीद वापत प्राधिकरणले कम्पनीलाई भुक्तानी गर्नु पर्ने रकमबाट कट्टा गरी लिन सकिने तर यसरी कट्टा गर्दा प्राधिकरणले कम्पनीलाई महिना महिनाको विद्युत खरीद वापत भुक्तानी गर्नुपर्ने रकमको पचास प्रतिशत भन्दा बढि नहुने गरी किस्तावन्दिमा पहिलो विल देखि यस्तो हर्जाना पुरा असुल नभएसम्म कट्टा गर्दै जानेछ । प्राधिकरणले हर्जाना तिर्नु पर्ने अवस्थामा पनि यथोचित किस्तावन्दीमा भुक्तानी गरिने छ ।

**विद्युत खरीद बिक्री**
**विद्युत नदिएमा वा नलिएमा क्षतिपूर्ति तिर्नु पर्ने :** प्राधिकरणले प्रत्येक महिना आयोजनाबाट कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको Availability Declaration अनुसारको विद्युत खरीद गरी लिनेछ । यस अनुसार प्राधिकरणले लिनु पर्ने उर्जा Forced Outage को कारणले लिन नसकेमा वा Dispatch Instruction को कारणले नलिएमा अनुसूचि ३ को प्रावधान अनुसार प्राधिकरणले कम्पनीलाई क्षतिपूर्ति तिर्नु पर्नेछ ।
कन्ट्र्याक्ट इनर्जी वा Availability Declaration को आधारमा गणना हुने मासिक उर्जा मध्ये जुन घटी छ सो को ८० (असी) प्रतिशत भन्दा कम नहुने गरी प्रत्येक महिना कम्पनीले आयोजनाबाट विद्युत उत्पादन गरी प्राधिकरणलाई विद्युत आपूर्ति गर्नु पर्नेछ । प्राधिकरणको कारण वा Schedule Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारण वाहेक अन्य कारणले यसरी तोकिएको परिमाण सम्मको विद्युत कम्पनीले आपूर्ति गर्न नसकेमा वा नगरेमा निम्न सूत्र अनुसार कम्पनीले प्राधिकरणलाई क्षतिपूर्ति स्वरुप रकम भुक्तानी गर्नु पर्नेछ ।
**क्षतिपूर्ति रकम रु. [०.८ X सो महिना कम्पनीबाट प्राधिकरणलाई आपूर्ति हुनु पर्ने बढीमा कन्ट्र्याक्ट इनर्जी सम्मको Availability Declaration अनुसारको विद्युत उर्जा - सोही महिनामा कमानीले उपलब्ध गराएको उर्जा - सोही अवधीमा प्राधिकरणको कारणले वा Scheduled Outage वा आकस्मिक मर्मत सम्भार वा काबु बाहिरको परिस्थितिको कारणले आयोजनाबाट उपलब्ध हुन नसकेको उर्जा ] X सो महिनाको प्रति किलोवाट घण्टा विद्युत उर्जा खरीद दर,**
यसरी हिसाब गर्दा क्षतिपूर्ति रकम ऋणात्मक भएमा क्षतिपूर्ति रकमलाई शुन्य मानिने छ । क्षतिपूर्ति रकम विल रकम भन्दा बढी भएमा बिल रकम भन्दा बढी भएको क्षतिपूर्ति रकम कम्पनीले प्राधिकरणलाई तिर्नुपर्ने छैन । यस्तो क्षतिपूर्ति रकम प्राधिकरणले बिलको भुक्तानी दिंदा कट्टा गर्न सक्ने प्रावधान रहेकोमा **मिति २०७८ भदौ २८ मा भएको विद्युत खरीद बिक्री सम्बन्धी सम्झौताको तेस्रो संशोधनले मूल सम्झौताको Availability Declaration पेश गर्ने सम्बन्धी उपदफा ९.५ (क) ९.५ (ख) तथा सोही उपदफाहरुको तत् पश्चातका संशोधनहरु हटाई सोको सट्टा संशोधित उपदफा ९.५ (क) ९.५ (ख) कायम गरि नपुग इनर्जी वापत लाग्ने क्षतिपूर्ति हटाएको छ भने इनर्जी बढी भएको अवस्थामा बढी इनर्जीको लागि विद्युत खरिद बिक्री सम्झौता बमोजिमको विद्युत खरिद दरको ५० प्रतिशतको दरमा नेपाल विद्युत प्राधिकरणले भुक्तानी गर्ने भनि उल्लेख भएको छ ।**
कम्पनीले जलविद्युत आयोजनामा जडित मेशिन औजारहरु तथा अन्य उपकरणहरुको पुनर्स्थापना मूल्यभन्दा कम नहुने गरी र प्रचलित कानून बमोजिम गर्नुपर्ने सबै प्रकारका बीमाहरु गरेको छ ।

**(ञ) आयोजनाको हालको अवस्था:** जोगमाई खोला साना जलविद्युत आयोजना (७.६ मे.वा.) को निर्माण कार्य सम्पन्न भई २०७४ बैशाख १८ गते देखि व्यापारिक उत्पादन शुरु गरि नेपाल विद्युत प्राधिकरणको १३२ के. भि. प्रसारण लाइनमा जोडी विद्युत बिक्री गरिरहेको छ भने जोगमाई क्यासकेड जलविद्युत आयोजना (५.२ मे.वा.) को निर्माण कार्य तिव्र गतिमा अघि बढी अन्तिम चरणमा रहेको छ जसको हाल सम्मको प्रगती विवरण यस प्रकार छ ।

| सि.नं. | विवरण | प्रगति % (जोगमाइ खोला साना जलविद्युत आयोजना ७.६ मे.वा. | प्रगति % (जोगमाइ क्यासकेड जलविद्युत आयोजना ५.२ मे.वा. |
|---|---|---|---|
| १ | जग्गा अधिग्रहण | १०० | १०० |
| २. | सडक पहुँच | १०० | १०० |
| ३ | शिविर तथा कार्यालय | १०० | ८५ |
| ३ | सिभिल कार्य | १०० | ९३ |
| ४ | इलेक्ट्रोमेकानिकल कार्य | १०० | ८० |
| ५ | विद्युत प्रसारण लाईन कार्य | १०० | ९७ |
| ६ | हाईड्रो मेकानिकल कार्य | १०० | ९६ |
| | जम्मा भौतिक प्रगति | १०० | ८९ |
| | जोगमाइ खोला साना जलविद्युत आयोजना ७.६ मे.वा. को व्यापारिक उत्पादन मिति: | | २०७४/०१/१८ |

**(ट) आयोजनाहरुको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छ :**

| | जोगमाई खोला साना जलविद्युत आयोजना | जोगमाई क्यासकेड जलविद्युत आयोजना |
|---|---|---|
| आयोजना स्थल: | ईलाम जिल्ला, इलाम नगरपालिका र माई जोगमाई गाउँपालिका र सुर्योदय नगरपालिका (साविक फिक्कल, नयाँबजार, नामसालिङ्ग, र पन्चकन्या गा.वि.स.) | ईलाम जिल्ला, माई जोगमाई गाउँपालिका र सुर्योदय नगरपालिका (साविक नामसालिङ्ग गा.वि.स र पन्चकन्या गा.वि.स.) |
| श्रोत नदी: | जोगमाई खोला | जोगमाई खोला |
| आयोजनाको किसिम: | रन अफ रिभर | रन अफ रिभर |
| डिजाइन डिस्चार्ज: | ४.३ घन मिटर प्रति सेकेण्ड | ५.२६ घन मिटर प्रति सेकेण्ड |
| उत्पादन हुने इनर्जी: | ४२.८७५ GWh | २९.७२६ GWh |
| आयोजनाको उत्पादन क्षमता: | ७.६ मेगावाट | ५.२ मेगावाट |
| विद्युत उत्पादन अनुमति बहाल रहने मिति | वि.सं. २०६९/१२/२९ देखि वि.सं. २१०४/१२/२८ सम्म | वि.सं. २०७६/१०/०१ देखि वि.सं. २११२/०९/३० सम्म |
| ग्रस हेड: | २२०.५० मिटर (नेट २०८.९ मिटर) | १२१.३५ मिटर (नेट ११८.१२ मिटर) |
| डाइभर्सन बाँध: | लम्बाई ३१ मिटर, उचाई २ मिटर | लम्बाई ३१ मिटर, उचाई ४ मिटर, चौडाई ०.९५ मिटर |
| डिस्यान्डीङ्ग बेसिन: | ४८ मिटर लम्बाई ५.६० मिटर चौडाई | ४८.५७ मिटर लम्बाई ५ मिटर चौडाई |
| पेनस्टक: | लम्बाई १,१९० मिटर, व्यास १.३ मिटर अधिकतम मोटाई १० देखि २२ एमएम को | लम्बाई ११३ मिटर, व्यास १.६ मिटर, मोटाई ८ देखि १४ एमएम भएको । |
| पावरहाउस: | लम्बाई २९ मिटर, चौडाई १२.६ मिटर, उचाई १४.६० मिटर | लम्बाई ३६.४० मिटर, चौडाई १४.७५ मिटर, उचाई २०.७१ मिटर |
| टर्वाइन: | संख्या २, प्रति टर्वाइन आउटपुट ४,००० kW | संख्या २, प्रति टर्वाइन आउटपुट २,६०० kW |
| जेनेरेटर: | ४,५७० kVA Per Unit (Two Units) | ३,०५९ kVA Per Unit (Two Units) |
| आयोजनाको हालको वास्तविक तथा अनुमानित लागत: [(Interest during construction (IDC)} सहित | रु.१,५७,२९,५२,५४४/- (वास्तविक लागत) [Interest during construction (IDC) सहित] | रु.१,००,९१,१३,०००/- (बैंकसंग भएको Syndicated Credit Faciltiy Agreement बमोजिमको अनुमानित लागत) [Interest during construction (IDC) सहित] |
| आयोजनाको प्रति मेगावाट लागत | रु. २०,६९,६७,४४०/- | रु. १९,४०,६०,१९२.३१/- |
| आयोजनाको साधारण लगानी फिर्ता हुने अवधि | ५.५३ वर्ष | ६.७३ वर्ष |
| आयोजनाको डिस्काउन्टमा लगानी फिर्ता हुने अवधि | ८.२९ वर्ष | ११.१० वर्ष |

## (६) पूँजी संरचना सम्बन्धी जानकारी:

**अधिकृत, जारी तथा चुक्ता पूँजी सम्बन्धी विवरण :**

१. **अधिकृत पूँजी:** कम्पनीको अधिकृत पूंजी रु. ८८,००,००,०००/- (अक्षरेपी अठासी करोड रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई रु. १००/- अङ्कित दरमा ८८,००,००० (अठासी लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।
२. **जारी पूँजी:** कम्पनीको तत्काल जारी गर्ने शेयर पूंजी रु. ८८,००,००,०००/- (अक्षरेपी अठासी करोड रुपैयाँ मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/- अङ्कित दरमा ८८,००,००० (अठासी लाख) थान शेयरमा विभाजन गरिएको छ ।
३. **चुक्ता पूँजी:** हाल कम्पनीको संस्थापकहरुबाट चुक्ता पूंजी रु. ५०,१०,०,००,०००/- (अक्षरेपी पचास करोड दश लाख रुपैयाँ मात्र) रहेको छ । उक्त पूंजीलाई रु. १००/- दरका ५०,१०,००० (पचास लाख दश हजार) थान शेयरमा विभाजन गरिएको छ । यस विवरणपत्र मार्फत रु. ८,८०,००,०००/- (अक्षरेपी आठ करोड असी लाख) बराबरको ८,८०,००० कित्ता शेयर आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुलाई र रु.२९,१०,००,०००/- बराबरको २९,१०,००० कित्ता शेयर सर्वसाधारणहरुलाई निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु. ८८,००,००,०००/- (अक्षरेपी अठासी करोड रुपैयाँ मात्र) हुनेछ ।

## (७) निष्काशनपछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ:

| समूह | शेयरधनीहरु | साधारण शेयर संख्या | पूँजी संरचना | चुक्ता रकम | भुक्तानी प्रतिशत |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | ५०,१०,००० | ५६.९३ | ५०,१०,००,०००/- | शतप्रतिशत |
| ख | स्थानीय बासिन्दाहरु | ८,८०,००० | १० | ८,८०,००,०००/- | निष्काशन पश्चात शतप्रतिशत भुक्तानी हुने |
| ग | सर्वसाधारण शेयरधनीहरु (कर्मचारी सहित) | २९,१०,००० | ३३.०७ | २९,१०,००,०००/- | निष्काशन पश्चात शतप्रतिशत भुक्तानी हुने |
| | जम्मा | ८८,००,००० | १००% | ८८,००,००,०००/- | |

संस्थापक तथा सर्वसाधारण समूहको शेयर अनुपात प्रतिशतलाई दशमलवपछिको निकटतम २ अंकमा राखिएको छ ।

## (८) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था:

**सन्चालक समितिको संरचना, सन्चालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था:** यस कम्पनीको नियमावलीको नियम २७ मा भएको व्यवस्था अनुसार कम्तिमा १ जना महिला सन्चालक सहित ७ (सात) जनाको देहाय बमोजिमको संचालक समिति हुनेछ

| | |
|---|---|
| संस्थापक शेयरधनीहरु (क समूह) बाट मनोनित वा निर्वाचित | ४ (चार) जना |

## (१५) अन्तर्निहित जोखिम तथा सोको व्यवस्थापनका लागि व्यवस्थापनको धारणा:

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखिम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने । संस्थाको अन्तर्निहित जोखिमहरु निम्नानुसार रहेका छन् ।

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम.** हाल जोगमाई खोला साना जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भई प्राविधिक परिक्षणबाट विद्युत बिक्रीको कार्य भैरहेकोले आयोजना सम्पन्न गर्नकालागि वित्तीय साधनको अभावको जोखिम नरहेको । साथै जोगमाई क्यासकेड जलविद्युत आयोजनाको निर्माण कार्य गरिराखेको हुँदा आयोजना सम्पन्न गर्नका लागि वित्तीय साधनको अभाव हुन नदिन कम्पनीले कम्पनीको नगदप्रवाहलाई समय समयमा विश्लेषण गरि आयोजनागत रुपमा उपयोगको उचित व्यवस्थापनको योजना लागु गरिराखेको ।
(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :** जलश्रोतको मुहानमा वातावरणमा अप्रत्याशित रुपमा जलवायु परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।
(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम.** नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरीद गर्ने सम्झौता भइसकेको हुनाले बजारको जोखिम नरहेको ।
(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य वृद्धि (Cost Overrun) को जोखिम.** हाल जोगमाई खोला साना जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले मूल्य अभिवृद्धि (Cost Over-run) को जोखिम नरहेको भए पनि जोगमाई क्यासकेड जलविद्युत आयोजनाको निर्माण कार्य गरिराखेको हुँदा आयोजना सम्पन्न हुने अवधिसम्म आयोजनाको मूल्य सिन्डिकेटेड क्रेडिट फेसिलिटि एग्रिमेन्टमा कायम बजेट सिलिङ भन्दा केही रकम अभिवृद्धि (Cost Over-run) हुने सम्भावना रहेको छ ।
(ङ) **विदेशी विनिमयको जोखिम :** हाल त्यस्तो जोखिम नरहेको ।
(च) **कानूनी प्रक्रियाहरु तथा ईजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरु.** कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी जोगमाई खोला साना जलविद्युत आयोजनाको निर्माण कार्य सम्पन्न भैसकेकोले यस किसिमको जोखिम नरहेको साथै जोगमाई क्यासकेड जलविद्युत आयोजनाको निर्माण कार्य गरिराखेको र विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को प्रभावले यस आयोजनाको निर्माण कार्य केही ढिलो हुन गई आयोजनाले निर्माण कार्य सम्पन्न गरि यस अघि निर्धारित RCOD समयमा विद्युत उत्पादन गर्न केही बाधा पुग्न गएको हुँदा उक्त RCOD मिति थप गर्ने कार्यको लागि नेपाल विद्युत प्राधिकरणमा निवेदन मार्फत प्रक्रिया अगाडी बढीसकेको छ ।
(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम.**
- अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्नसक्ने जोखिमहरु ।

(ज) **सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम.**
- नेपाल सरकारको जलविद्युत सम्बन्धी आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
- कर, भन्सार आदि सम्बन्धी व्यवस्थामा परिवर्तन भएमा श्रृजना हुन सक्ने जोखिमहरु ।
- देशको वैदेशिक नीतिमा हुनसक्ने परिवर्तनबाट उत्पन्न हुनसक्ने सम्भावित जोखिमहरु ।
- नेपाल सरकार तथा अन्य नियमन निकायहरुको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट हुनसक्ने सम्भावित जोखिमहरु ।

(झ) **सन्चालन इतिहासको अभाव.** यस कम्पनीका संचालकहरु नेपालका विभिन्न जलविद्युत आयोजनाको निर्माण तथा संचालन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहभागी भएका तथा कर्मचारीहरु जलविद्युत निर्माण तथा सन्चालन कार्यमा अनुभवी रहेको हुँदा यस कम्पनीको सन्चालन अनुभवको अभावबाट हुने जोखिम नरहेको ।
(ञ) **प्रविधिको परिवर्तनबाट हुन सक्ने जोखिम.**
- जलविद्युत आयोजना निर्माणका लागि आवश्यक टर्वाइन, स्पेयर पार्ट्स, जेनेरेटर लगायतका विभिन्न उपकरणमा आउने परिवर्तन तथा नयाँ प्रविधिबाट विद्युत उपकरणहरु फेजआउट भएमा ।
- जलविद्युत वाहेक अन्य श्रोतबाट भविष्यमा कम लागतमा विद्युत उत्पादन भएमा केही हदसम्म यस व्यवसायमा असर पर्ने जोखिम रहेको ।

(ट) **अन्य.**
- देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
- पूँजी बजारको अवस्थामा आउने उतार-चढावबाट पर्न सक्ने जोखिमहरु ।
- आयोजनामा प्राकृतिक प्रकोपका कारणले हुने क्षतिको जोखिमहरु ।

**धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिम.** रु.१००/- प्रति शेयरको दरले निष्काशन गरिएको मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।
**उपरोक्तानुसारको जोखिमहरुलाई न्यून वा व्यवस्थापन गर्ने सम्बन्धमा व्यवस्थापनको योजना.** जलश्रोतको हिसावले नेपाल विश्वकै धनी देशहरु मध्येमा पर्ने कुरा सर्वविदितै हुँदा हुँदै पनि नेपालमा उर्जा शक्तिको अत्याधिक माग रहेको र सो को आपूर्ति पूर्ण रुपमा हुन नसेकेको परिप्रेक्ष्यमा उर्जाको श्रोतको रुपमा जलश्रोत नै प्रमुख र भरपर्दो श्रोत भएको देखिन्छ । तसर्थ उर्जाकालागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको भन्नेमा व्यवथापनको धारणा रहेको छ । उर्जा प्राप्त गर्ने विभिन्न श्रोतहरु भएतापनि पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखिम रहेको धारणा व्यवस्थापनको रहेको छ । तथापि, आयोजनामा हुनसक्ने भौतिक क्षतिको जोखिमलाई न्यूनिकरण गर्नका लागि कम्पनीले आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी बीमाको व्यवस्था गरेको छ र सो विवरण देहाय बमोजिम रहेको छ :
**बीमाले बहन गर्ने जोखिम:** यस कम्पनी तथा आयोजनाको आवश्यक संरचना, मेसिन, औजार तथा उपकरणहरु तथा विद्युत उत्पादन (इनर्जीमा हुने घाटा) सम्पत्तिको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :

| क्र. सं. | बीमालेखको प्रकार | बीमालेख शुरु मिति | बीमालेख समाप्ति मिति | बीमा गरिएको रकम (रु.) | प्रिमियम भुक्तानी गरिएको रकम (रु.) | बीमा कम्पनीको नाम |
|---|---|---|---|---|---|---|
| १ | सामान्य सम्पत्ति | १२/०७/२०२४ | ११/०७/२०२५ | ९७,०५,३१,५४१/- | २०,८३,७५१.२१ | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| २ | Loss of Profit (LoP)Insurance | १२/०७/२०२४ | ११/०७/२०२५ | २६,५०,८५,४३६/- | १२,२८,१६०.८३ | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| ३ | सवारीसाधन | २६/०२/२०२५ | २५/०२/२०२६ | १७,००,०००/- | १४,९६१.९९ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड |
| ४ | सवारीसाधन | ०७/०३/२०२५ | ०६/०३/२०२६ | २,२५,०००/- | ४,०१४.५५ | प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स लिमिटेड |
| ५ | EAR Insurance | २७/०३/२०२४ | २६/०४/२०२५ | १५,८५,४८,५००/- | १२,६५,६६४.४३ | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| ६ | EAR Insurance | २७/०३/२०२४ | २६/०४/२०२५ | १४,७०,८८,०८५.९३ | ११,७४,७५३.५५ | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| ७ | EAR Insurance | २७/०३/२०२४ | २६/०४/२०२५ | ४,९२,८१,८०३.२१ | ३,९८,८९५.४३ | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| ८ | कर्मचारीहरुको मेडिकल क्षतिपूर्ति वापतको बीमा | १६/०८/२०२४ | १५/०८/२०२५ | १,००,०००/- प्रति कर्मचारी (परिवार सहित) | ७६,९३०/- | एनएलजी इन्स्योरेन्स लिमिटेड |
| ९ | कर्मचारीहरुको सामूहक दुर्घटना बीमा | १६/०८/२०२४ | १५/०८/२०२५ | ३,८८,००,०००/- | ८९,४५५/- | एनएलजी इन्स्योरेन्स लिमिटेड |

*निर्माणधीन आयोजनाको सिभिल संरचना निर्माणसंग सम्बन्धित जोखिमको हकमा आवश्यक Contractor's All Risk Policy मार्फत सिभिल ठेकेदार कम्पनी शेर्पा हाइड्रोपावर कन्स्ट्रक्सन प्रा.लि.ले सानिमा जि आइ सी लि. संग जोखम वापतको बीमा गरेको छ ।*

## (१६) धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी व्यवस्था:

(१) **अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रक्रिया.** आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुका लागि छुट्याइएको जारी पूँजीको १०% अर्थात रु. ८,८०,००,०००/- (आठ करोड असी लाख मात्र) रकम बराबरको रु. १००/- अंकित दरका ८,८०,००० कित्ता शेयरका लागि अत्यधिक माग भई आएको अवस्थामा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिकामा भएको व्यवस्था बमोजिम साधारण शेयरहरु बाँडफाँड गरिनेछ । आयोजना प्रभावित क्षेत्रका लागि छुट्याएको धितोपत्र पूर्ण रुपमा बिक्री नभई बाँकी रहेमा वा न्यून माग भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा (४) को उपनियम (३) मा भएको व्यवस्था बमोजिम उक्त बाँकी रहेको शेयरहरु सर्वसाधारणहरुमा निष्काशन गरिने धितोपत्रमा थप गरी निष्काशन गरिने छ ।
(२) **अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्था.** धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई शेयर बाँडफाँड गरे पश्चात बाँडफाँडमा नपरेको रकम आवेदनकर्ताले आवेदन फारममा उल्लेख गरेको बैंक खातामा सोझै जम्मा हुने गरी IPS मार्फत फिर्ता भुक्तानी दिने व्यवस्था मिलाईने छ । आस्वा प्रणाली मार्फत आवेदन दिएका आवेदनकर्ताहरुको हकमा शेयर बाँडफाँड गरी पूर्ण वा आंशिक रुपमा स्वीकृत र अस्विकृत भएको व्यहोरा उल्लेख गरी धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका २०७३ को अनुसूची ७ बमोजिमको विवरण सम्बन्धित आस्वा (ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई उपलब्ध गराईनेछ र सोही विवरणका आधारमा सम्बन्धित आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुले बाँडफाँडमा नपरेको शेयर वापतको रकम सम्बन्धित आवेदकहरुको रोक्का रहेको बैंक खाता फुकुवा गरी फिर्ता गरिदिनेछ ।
(३) **निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने ब्याजदर.** संकलन केन्द्रमार्फत संकलित रकम मध्ये बाँडफाँडमा नपरेको रकम फिर्ता भुक्तानीमा ढिलाई भएमा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को दफा २९ (३) मा भएको व्यवस्था बमोजिम धितोपत्र बिक्री बन्द भएको मिति देखि भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम ब्याजदरको आधारमा हुन आउने ब्याज वापतको रकम सहित फिर्ता भुक्तानी गरिनेछ । सि-आस्वा मार्फत आवेदन दिने आवेदकहरुको हकमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम हुने हुँदा यो व्यवस्था लागू हुने छैन ।
(४) **धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि.** यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि जारी गरिने ८,८०,००० कित्ता साधारण शेयरहरु धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा नेपाल धितोपत्र बोर्डको प्रचलित व्यवस्था अनुसार निर्धारित समयभित्र बाँडफाँड गरी बिक्री प्रबन्धकको वेबसाइट मार्फत सो को जानकारी गराइनेछ । बाँडफाँडबाट कायम भएका शेयरधनीहरुलाई प्रमाणपत्र जारी नगरी बाँडफाँडमा परेको शेयर निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ । हितग्राही खाता नभई भौतिक आवेदन फारम मार्फत आवेदन दिई बाँडफाँडमा परेका आवेदनकर्ताहरुलाई निजहरुले हितग्राही खाता उपलब्ध गराए पश्चात क्रमश: निजहरुले उपलब्ध गराएको हितग्राही खातामा जम्मा गरिने व्यवस्था मिलाइनेछ । आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुलाई बाँडफाँड गरिएको शेयर सर्वसाधारणलाई शेयर बाँडफाँड भएको मितिले ३ वर्षसम्म बिक्री वितरण गर्न नपाईने गरी हितग्राही खातामा जम्मा गरिनेछ ।
(५) **धितोपत्र सूचीकरण भई सकेको भए, त्यस्तो धितोपत्र सुचिकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्रको कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धी विवरण.** निष्काशन गर्ने साधारण शेयर हाल सुचिकरण भैसकेको छैन ।
(६) **धितोपत्र सूचीकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्र प्रचलित ऐन नियम अनुसार सहज खरीद, बिक्री वा विनिमय हुन सक्ने गराउनका लागि गरिने व्यवस्था सम्बन्धी विवरण.** निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनी आफैं वा कम्पनीबाट नियुक्त शेयर रजिष्ट्रार मार्फत सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा धितोपत्र दर्ता तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई बाँडफाँडमा परेका आवेदकहरुको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गरी शेयर खरीद बिक्रीको व्यवस्था मिलाईनेछ ।

## (१७) आवेदन दिंदा पालन गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहक परिचय पत्र र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोवार गरिनुपर्ने जस्ता पक्षहरु:

**आयोजना प्रभावित क्षेत्रका वासिन्दाहरुको हकमा:** आयोजना प्रभावित क्षेत्रका सम्पूर्ण स्थायी बसोबास गर्ने स्थानीय बासिन्दाहरुले यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा खरीद गर्न आवेदन दिन सक्नेछन्:

१) आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी अनिवार्य रुपले हालसालै खिचेको फोटो सहित आफैंले दस्तखत गरी आयोजना प्रभावित क्षेत्रको बासिन्दा प्रमाणित/पुष्टी हुने कागजात/प्रमाणपत्र सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।
२) १६ वर्ष उमेर पुगेको हकमा आवेदकले आफ्नो नागरिकता प्रमाणपत्रको प्रतिलिपी स्वयंले प्रमाणित गरी अनिवार्य रुपमा दरखास्त फारम बुझाउँदा पेश गर्नुपर्नेछ । स्थानीयको बारेमा कुनै विवाद आएमा सो क्षेत्रमा स्थायी रुपमा बसोवास गरेको व्यहोरा सम्बन्धित नगरपालिकाले सिफारिश गरेको हकमा निजलाई स्थानीयको रुपमा मान्यता दिइनेछ ।
३) १६ वर्ष भन्दा कम उमेरका लागि आमा बाबुले संरक्षक भई आवेदन दिनु परेमा नेपाल सरकारको पन्जिकाधिकारीको कार्यालयबाट प्राप्त नाबालकको जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी संरक्षकद्वारा अनिवार्य रुपमा प्रमाणित गरी आवेदनसाथ पेश गर्नुपर्नेछ । साथै दरखास्त फारममा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी समेत संरक्षक स्वयंले प्रमाणित गरी संलग्न गर्नुपर्नेछ ।
४) नेपाल धितोपत्र बोर्डबाट यस विवरणपत्र स्वीकृत भएको मिति वा सो पूर्व अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट विवाह भै आएका महिलाका हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनु पर्नेछ ।
५) अन्य जिल्ला वा नगर/गाउँपालिकाबाट आयोजना प्रभावित क्षेत्रमा बसाईं सराई गरी आएका बासिन्दाले यस विवरणपत्र स्वीकृत भएको मिति सम्ममा बसाई/सराई गरी आएको व्यहोरा तथा मिति उल्लेख गरिएको स्थानीय निकायबाट जारी बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी समेत संलग्न गरेको हुनुपर्नेछ ।
६) आयोजना प्रभावित क्षेत्रको स्थानीय बासिन्दा हो वा होईन भन्ने सम्बन्धमा वा शेयर खरीद प्रक्रियामा कुनै विवाद आएमा सम्बन्धित नगरपालिका वा जिल्ला समन्वय समितिबाट स्थानीय हो भन्ने व्यहोराको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्नेछ ।
७) १६ वर्ष उमेर पुगी नागरिकता लिएको तर विवाह गरी आयोजना प्रभावित क्षेत्र छोडी अन्य क्षेत्र वा जिल्ला गएका महिला एवं जिल्ला छोडी बसाई सराई गरी गएका व्यक्ति र परिवारहरुमा उल्लेखित सुरक्षित शेयर लिने अधिकार रहने छैन।
८) आमा बाबु बाहेक अन्य व्यक्ति संरक्षक भै नाबालक वा विक्षिप्त व्यक्तिको नाममा दरखास्त दिंदा कानून बमोजिम संरक्षकत्वको प्रमाण पेश गर्नुपर्नेछ ।
९) धितोपत्र खरीद गर्नका लागी दरखास्त दिन चाहनेले तोकिएको संकलन केन्द्रमा शेयर खरीदको लागि दरखास्त बुझाउनु पर्नेछ ।
१०) आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
११) साधारण शेयर खरीद गर्नका लागि दरखास्त दिने व्यक्ति स्वयंले दरखास्त फारममा दस्तखत गरी तोकिएको संकलन केन्द्रहरुमा साधारण शेयर खरीदका लागि दरखास्त बुझाउनु पर्नेछ । यसरी दरखास्त फारममा दस्तखत नगरेको र तोकिएका संकलन केन्द्रहरु बाहेक अन्य स्थानहरुमा दरखास्त फारम बुझाएको दरखास्त फारमलाई रद्द गरिनेछ ।
१२) आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुकालागि निष्काशन गरिने शेयरमा बाँडफाँडमा परेका स्थानीयहरुले सर्वसाधारणका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुन: आवेदन दिन पाउने छैनन् ।
१३) सम्पूर्ण दरखास्तवालाहरु (नाबालकहरु समेत) ले अनिवार्य रुपमा आफ्नो खाता रहेको बैंक वा वित्तीय संस्थाको नाम, ठेगाना र खाता नम्बर समेत स्पष्ट रुपमा दरखास्त फारममा खुलाउनु पर्नेछ । दरखास्तवालाले दरखास्त फारममा आफ्नो खाता नम्बर उल्लेख गर्दा Nepal Clearing House Ltd (NCHL) को सदस्य भएको बैंक वा वित्तीय संस्थामा भएको खाता नम्बर उल्लेख गर्नुपर्नेछ ।
१४) रु. ५०,०००/- भन्दा बढी रकमको लगानी गर्ने दरखास्तवालाले दरखास्त दिंदा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत रकम जम्मा गर्नुपर्नेछ ।
१५) आयोजना प्रभावित क्षेत्रका स्थानीयहरुले नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाहरुबाट समेत आवेदन फारम बुझाउन सकिनेछ। तर त्यसरी सि-आस्वा मार्फत आवेदन दिने आवेदकको हितग्राही खातामा उल्लेख भएको विवरणमा नागरिकता जारी जिल्ला ईलाम र आयोजना प्रभावित क्षेत्र भित्र पर्ने स्थायी ठेगाना अनिवार्य उल्लेख भएको हुनुपर्नेछ । सो बाहेक अन्य जिल्लाबाट जारी भएको नागरिकता वा हितग्राही खाताको विवरणमा आयोजना प्रभावित क्षेत्र नखुलेको अवस्थामा त्यस्तो आवेदनलाई बाँडफाँडमा समावेश गरिने छैन । त्यस्ता आवेदकले तोकिएको संकलन केन्द्र मार्फत नै आफु स्थानीय भएको पुष्टी हुने आवश्यक कागजात पेश गरी भौतिक आवेदन पेश गर्नुपर्नेछ ।
१६) हितग्राही खाता भएका स्थानीयले संकलन केन्द्र मार्फत भौतिक रुपमा आवेदन गर्दा आफ्नो हितग्राही खाता नं. समेत आवेदन फारममा उल्लेख गर्न सक्नेछन् । त्यस्ता आवेदकहरुलाई बाँडफाँडमा परेको शेयर निजको आवेदन फारममा उल्लेख भएको हितग्राही खातामा जम्मा गरिनेछ ।
१७) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्दा बढी दरखास्त दिने पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्दा बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।
१८) रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (प्यान) को प्रतिलिपि समेत आवेदन फारमसाथ पेश गर्नुपर्नेछ । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिने आवेदकहरुले आफुले आवेदन दिंदा जम्मा गरेको रकम सम्पत्ति शुद्धिकरण ऐनको बर्खिलाप हुने गरी आर्जन नगरेको भनी उद्घोषण गर्नुपर्नेछ ।

**नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति प्राप्त गरी विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकहरुको हकमा :**
१. नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृति लिई विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले यस विवरणपत्र अनुसार आवेदन गर्न पाउनेछन् ।
२. यस विवरणपत्र अनुसार धितोपत्र खरिद गर्न चाहने विदेशमा बसी रोजगारी गरिरहेका नेपाली नागरिकहरुले शेयरमा आवेदन दिंदा नेपाल धितोपत्र बोर्डबाट दरखास्त संकलन सम्बन्धि कार्य गर्न अनुमति प्राप्त आस्वा सदस्य बैंक वा वित्तीय संस्थामा रहेको विप्रेषण (रेमिट्यान्स) बचत खाता मार्फत मात्र भुक्तानी गर्नुपर्नेछ ।
३. शेयरमा आवेदन गर्न विप्रेषण (रेमिट्यान्स) बचत खातामा पछिल्लो छ महिनामा कम्तीमा ५० हजार नेपाली रुपैयाँ सम्बन्धित आवेदकले आफु रोजगार रहेको मुलुकबाट जम्मा गरेको हुनु पर्नेछ ।
४. निष्काशित शेयरमा आवेदन दिएका विदेशमा बसी रोजगार गरिरहेका नेपाली नागरिकले स्थानीयवासी तथा सर्वसाधारणलाई छुट्याईएको शेयरमा आवेदन गर्न सक्ने छैनन् साथै अन्य शर्त तथा व्यवस्थाहरु सर्वसाधारण समुहले पुरा गर्नुपर्ने व्यवस्था अनुसार हुनेछ ।

## (१८) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सकिने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सकिने हो सो सम्बन्धी विवरण:

१. कम्पनीको प्रवन्धपत्र तथा नियमावली कम्पनीको रजिष्टर्ड (केन्द्रीय) कार्यालय का.म.न.पा वडा नं.२, लाजिम्पाट, उत्तरढोका, मेट्रोपार्क बिल्डिङ्ग, काठमाडौं र यस निष्काशन कार्यकालागि नियुक्त धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड लेखनाथमार्ग, ठमेल, काठमाण्डौंमा कार्यालय समयभित्र सम्पर्क राखि प्राप्त गर्न सकिने छ ।
२. आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दा तथा सर्वसाधारण आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम २० हजार कित्ता शेयरका लागि आवेदन दिन सक्नेछन् ।

## (१९) धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग:

**निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ तत्सम्बन्धी विवरण:** निष्काशनबाट प्राप्त हुने पूँजी रकमलाई देहाय बमोजिम प्रयोग गरिने छ :

| क्र.सं. | निष्काशनबाट प्राप्त रकमको उपयोगको विवरण | रकम (रु.) |
|---|---|---|
| १. | जोगमाई क्यासकेड जलविद्युत आयोजना ५.२ मेगावाट निर्माणको लागि अपुग भएको स्वपुँजी वापत* | रु.१४,५९,४२,०००/- |
| २. | जोगमाई खोला साना जलविद्युत आयोजना ७.६ मेगावाटको लागि बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण भुक्तानी गर्न | रु.१५,००,००,०००/- |
| ३ | कम्पनीको विभिन्न व्यवसायिक कार्यहरु, आयोजनामा भैपरि आउन सक्ने मर्मत सम्भार तथा पार्टपुर्जाहरु खरिद कार्यका लागि | रु. ८,३०,५८,०००/- |
| | कूल | रु. ३७,९०,००,०००/- |

*आयोजनाको लागि उल्लेख गरिएको स्वपुँजी बापतको रकम आयोजनाले यस अघिनै बैंकबाट प्राप्त गरेको आइपिओ ग्याप फण्डिङ्ग बापतको कर्जा सुविधा भुक्तानीको लागि उपयोग गरिनेछ ।

## (२०) विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान:

| क्र.सं. | विवरणपत्र प्राप्त गर्न सकिने संस्थाको नाम र ठेगाना |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं, नेपाल । |
| २. | सान्भि इनर्जी लिमिटेड, का.म.न.पा.वडा नं. २, लाजिम्पाट, उत्तरढोका, मेट्रोपार्क बिल्डिङ्ग, काठमाडौं, नेपाल । |

साथै, निष्काशन तथा बिक्री प्रबन्धकको वेबसाइट: www.nsmbl.com.np निष्काशनकर्ता कम्पनीको वेबसाइट www.sanvienergy.com र नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र डाउनलोड गरी अध्ययन गर्न सकिनेछ ।

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान: |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट सि-आस्वा (C-ASBA) सदस्यता प्राप्त गरेका सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु । |
| २.* | आयोजनाको पावरहाउस रहेको माईजोगमाई गाउँपालिका ३, सिस्नेवेशी, ईलाम |
| ३.* | नबिल बैंक लिमिटेड, फिक्कल शाखा, ईलाम |
| ४. | वैदेशिक रोजगारीमा रहेका नेपालीहरुको लागि नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त गरेका सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका तोकिएका शाखा कार्यालयहरु र सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट सञ्चालित "मेरो शेयर" अनलाइन प्रयोग गरी आवेदन दिन सकिनेछ । |

*आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुले तोकिएको सङ्कलन केन्द्र मार्फत भौतिक रुपमा शेयर खरीद आवेदन दिनका लागि दरखास्त फारम वापत रु. २/- (दुई रुपैयाँ) शुल्क बुझाइ आवेदन फाराम प्राप्त गर्न सकिनेछ ।

## (२१) निष्काशन बैंक (Banker to the Issue):

| क्र.सं | बैंकको नाम, ठेगाना | खाताको नाम | खाता नम्बर |
|---|---|---|---|
| १. | नेपाल एसबिआई बैंक लिमिटेड, दरवारमार्ग, काठमाडौं । | NSMBL-SANVI-IPO-2080-81 | 17735240100165 |

## (२२) धितोपत्र बिक्री खुल्ला अवधि:

यस विवरणपत्र मार्फत आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुमा निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि कम्तीमा १५ (पन्ध्र) दिन र बढीमा ३० (तीस) दिन हुनेछ । साथै वैदेशिक रोजगारिमा रहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि १५ (पन्ध्र) दिन हुनेछ । उक्त अवधिमा आयोजना प्रभावित क्षेत्रका बासिन्दाहरुका लागि तथा वैदेशिक रोजगारिमा रहेका नेपाली नागरिकहरुका लागि निष्काशन गरिएको शेयर पुरा बिक्री नभएमा उक्त बिक्री नभएको शेयरहरु समेत थप गरी सर्वसाधारणको लागि आवेदन लिने कार्य कम्तीमा चार कार्य दिनको लागि खुल्ला गरिनेछ । सो अवधिभित्र निष्काशन गरिएको सबै धितोपत्र बिक्री नभएमा संस्थापक तथा संस्थागत लगानीकर्ताले समेत आवेदन गर्न पाउने गरी दोश्रो चरणको दरखास्त खुल्ला भएको मितिले बढीमा १५ (पन्ध्र) दिनको लागि धितोपत्रको दरखास्त खुल्ला रहनेछ । आवश्यकता भन्दा बढी साधारण शेयरको लागि आवेदन पर्न आएमा कुनै पनि बखत साधारण शेयरको बिक्री बन्द गर्न सकिनेछ तर ४ (चार) कार्य दिनभन्दा अगाडि शेयर खरिदको लागि आवेदन लिने कार्य बन्द गरिने छैन ।

## (२३) इस्युअर रेटिङ्ग सम्बन्धी विवरण:

यस विवरणपत्र अनुसार निष्काशन गरिने साधारण शेयरको लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली २०७३ मा भएको व्यवस्था बमोजिम कम्पनीको इस्युर रेटिङ्ग गराउनु पर्ने भएकोले "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था केयर रेटिङ्गस् नेपाल लि.बाट इस्युर रेटिङ्ग गराई सो को रेटिङ्ग मिति २०२४ डिसेम्वर २४ गते [CARE-NP BB+( IS) {Double B Plus (Issuer)}] प्रमाणपत्र प्राप्त गरेको छ । जसले समयमै कम्पनीको वित्तीय दायित्व बहन गर्ने क्षमतामा औषत जोखिम रहेको (Moderate risk of default regarding timely servicing of financial obligations) भन्ने जनाउँदछ । सो रेटिङ्गको वैद्यता मिति २०२६ फेब्रुवरी २७ तारिखसम्म रहने छ । केयर रेटिङ्गस् नेपाल लि. ले CARE-NP AAA (IS) देखि CARE-NP D(IS) सम्मको रेटिङ्ग प्रदान गर्दछ । जसमा CARE-NP AAA (IS) ले बलियो आधार जनाउँदछ भने CARE-NP D(IS) ले कमजोर आधारहरु जनाउँछ । CARE-NP BBB देखि CARE-NP BB(Is) ले औसत आधारहरु जनाउँदछ । "CARE-NP B(Is), CARE-NP C(Is), "CARE-NP D(Is) ले औषत भन्दा कम आधारहरु जनाउँदछ । दिईने आधारहरुमा प्रयोग गरिने "+ (Plus)" चिन्हले दिईएको समूहको तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँदछ ।

## (२४) गुनासो सुन्ने र समाधान गर्ने प्रकृया:

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग, ठमेल, काठमाडौंद्वारा एक विशेष कक्षको व्यवस्था गरिएको छ । साथै, गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयको फोन नं.०१-४५४१७८० र ०१-४५१२७४३ र ०१-४५३५६७१ मा सम्पर्क गरी आफ्नो गुनासो प्रेषित गर्न सकिनेछ ।

## आयोजना प्रभावित क्षेत्रका स्थानीय बासिन्दाहरुको लागि साधारण शेयरको बिक्री खुला अवधि:

| | |
|---|---|
| निष्काशन खुला मिति: | २०८२/०१/०५ गतेदेखि |
| निष्काशन बन्द मिति (छिटोमा): | २०८२/०१/१९ गते बैंकिङ्ग समयसम्म |
| निष्काशन बन्द मिति (ढिलोमा): | २०८२/०२/०३ गते बैंकिङ्ग समयसम्म |

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक:**

नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: www.nsmbl.com.np

---

**दरखास्तवाला उपस्थित हुन नसकेमा मात्र ।**

SANVI€Nergy

**विषय: मञ्जुरीनामा सम्बन्धमा ।**

म/हामी आफै उपस्थित हुन नसकेकोले मेरो/हाम्रो नाममा आवेदन गरेको ................कित्ता शेयर प्रति शेयर रु.१००/-का दरले जम्मा रु.............................................. (अक्षरेपी ..................................................................................................) मध्ये बाँडफाँडमा ............................कित्ता साधारण शेयर परेकोले बाँकी रु. .................. (अक्षरेपी ......................................................) र सो को शेयर प्रमाण-पत्र श्री ...................................................... हस्ते पठाई दिनुहुन अनुरोध गर्दछु/गर्दछौ । निजलाई भुक्तानी/शेयर प्रमाण-पत्र दिनु भएमा पछि कुनै किसिमको बाधा विरोध गर्ने छैन/छैनौं । गरे यसै कागजले बदर गरिदिनु भएमा मेरो/हाम्रो मञ्जुरी छ ।

भवदीय,

| | |
|---|---|
| निवेदकको दस्तखत : ............................................ | मञ्जुरीनामा पाउनेको दस्तखत : .................................... |
| निवेदकको नाम र ठेगाना : ............................................ | मञ्जुरीनामा पाउनेको नाम र ठेगाना : .................................... |
| निवेदकको फोन/ मोबाइल नं. : ............................................ | मञ्जुरीनामा पाउनेको फोन/ मोबाइल नं. : .................................... |

**यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।**